सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ६२ ♦ २०८० साल कार्तिक २५ गते शनिवार ♦ 11 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com




## काँग्रेसको शुभकामना तथा चियापान समारोह सम्पन्न



नेपाली काँग्रेस क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ५ का वडा समितिको आयोजनामा शुक्रवार दिपावली, तिहार तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदान प्रदान तथा चियापान समारोह सम्पन्न भएको छ।

काँग्रेस क्षीनपा ५ का वडा सभापति दिपक साहको सभापतित्व तथा काँग्रेसका सहमहामन्त्री महेन्द्र यादवको प्रमुख आतिथ्यता र धनुषा जिल्ला सभापति योगेन्द्र पजियार विशेष आतिथ्यतामा महेन्द्रनगरमा उक्त कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा काँग्रेसका नेता कार्यकर्ता तथा समर्थकहरुको व्यापक उपस्थिती रहेको थियो। -खबर दर्पण

## कुनै पनि हालतमा संघियता खारेज हुँदैन : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**कार्तिक २४ गते, महेन्द्रनगर**



मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले संघियता खारेज गर्न सक्ने व्यक्ति नेपालमा जन्मै नलिएको ठोकुवा गरेका छन्।

काठमाण्डौंको एक टेलिभिजनसंगको अन्तरवार्तामा मुख्यमन्त्री यादवले संघियता खारेज कुनै पनि हालतमा नहुने भन्दै त्यस्तो काम गर्न सक्ने हिम्मतवाला व्यक्ति नेपालमै नर हेको बताए।

तर संघियता विरुद्धमा स्वरहरु त जोडदार रुपमा उठ्न थालेका छन नि ? भन्ने प्रश्नमा उनले त्यो कुरा काठमाण्डौंका दुईचार जनाको मात्र रहेको बताए। मुख्यमन्त्रीले भने, 'म मुख्यमन्त्री आज प्रधानमन्त्रीलाई तिन घण्टा कुरेर मात्र भेटन पाए, तर मलाई एक गाँउको किसान पनि पाँच मिनेटमै भेट्न पाउँछन, यहि नै संघियताको विशेषता हो।'

मुख्यमन्त्री यादवले आफुहरुको मांग पुरा नभए आन्दोलन सुरु हुने जस्मा पहिलो चरणमा मधेश प्रदेशका सबै दलका अगुवा सांसदहरु संग आएर काठमाण्डौंमा धर्ना दिने त्यसपछि मधेश प्रदेशका सबै प्रतिनिधीसभा सदस्यहरुलाई समेत धर्नामा बोलाउने र जिल्ला जिल्लामा ति दलहरुको अगुवा नेतालाई धर्नामा बस्न लगाउने बताए।

## मौलापुरका प्रमुखलाई पुनर्वहाली गर्न सर्वोच्चको अन्तरिम आदेश

**खबर दर्पण समाचारदाता**

**कार्तिक २४ गते, महेन्द्रनगर**

सर्वोच्च अदालतले रौतहटको मौलापुर नगरपालिकाका प्रमुख रिनाकुमारी साहलाई पुनर्वहाली गर्न अन्तरिम आदेश जारी गरेको छ। शुक्रबार न्यायाधीश प्रकाशमानसिंह राउतको इजलासले निर्वाचन आयोगले पद गएको भन्ने निर्णयको बदर गर्न आदेश दिएको हो।

सर्वोच्चको आदेशमा भनिएको छ, "मौलापुर नगरपालिकाको निवेदिका निर्वाचिन भएको नगर प्रमुख पद रिक्त भएको भनी नेकपा (एकीकृत मार्क्सवादी लेनिनवादी) बाट भएको निर्णय तथा सो सम्बन्धमा निर्वाचन आयोगलाई गरेको पत्राचार, निवेदिकाको नगर प्रमसख पद स्वत: रिक्त भएको भनी निर्वाचन आयोगबाट मिति २०८० असोज २९ मा भएको निर्णय तथा गोरखापत्रमा प्रकाशित सूचनासमेत हाललाई कार्यान्वयन नगर्नु, नराउनू र निज निवेदिकालाई पूर्ववत रौतहट जिल्ला मौलापुर नगरपालिकाको प्रमुख पदमा रही यथावत काम कारबाही गर्न दिनू भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) बमोजिम अन्तरिम आदेश जारी गरिएको छ।"



नेकपा एमालेको सिफारिसमा निर्वाचन आयोगले प्रमुख रिना कुमारी साहको पद यस अघि निलम्बन गरेको थियो।

## वैदेशिक रोजगारीमा ठगी गरेको अरोपमा एकजना पक्राउ

**खबर दर्पण समाचारदाता**

**कार्तिक २४ गते, महेन्द्रनगर**



बैदेशिक रोजगारीमा ठगी गरेको आरोपमा एकजनालाई सिरहा प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा लक्ष्मिपुर पतारी गाउँपालिका वडा नं. ३ बस्ने ३५ वर्षीय साविर मलंग रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

बैदेशिक रोजगारी ठगी मुद्दामा बैदेशिक रोजगार विभागबाट पक्राउ पुर्जी जारी भएकाले मलंगलाई गाउँघरमा लुकिछिपी हिडडुल गरि रहेको अवस्थामा पक्राउ गरिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रबिन्द्रराज पाण्डेले जानकारी दिए।

पक्राउ परेको मलंगलाई बैदेशिक रोजगार विभाग काठमाण्डौं पठाउने तयारी भइरहेको जनाइएको छ।

## दिपावली, तिहार र छठपर्वको शुभकामना



शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसर मा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**राजलाल महतो**

**अध्यक्ष**


ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

मिथिला नगरपालिका, ढल्केवर, धनुषा

**कोषाध्यक्ष**

**नेपाली काँग्रेस धनुषा जिल्ला समिति**

## दिपावली, तिहार र छठपर्वको शुभकामना



शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**अनिल चौधरी**

**नगर अध्यक्ष**

**नेकपा एमाले**

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

# चाड पर्वमा तस्करलाई विशेष छुट !

**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, महेन्द्रनगर**

विहान ३ बजेदेखि ५ बजेसम्म जनकपुरका गल्लीहरूमा तीव्र गतिमा मोटरसाइकल चालकहरू कुदाउँदै लहरै भाग्छन्। नाकमुख मास्क वा गमछाले छोपेर आफ्नै धुनमा मोटरसाइकल चलाइ रहेका यी चालकहरू एकपटकमा कम्तीमा पनि ६ देखि १० जनासम्मको समूहमा हुन्छन्।

भारतीय र नेपाली नम्बर प्लेटका यी मोटरसाइकलमा जुटका बोराहरूमा निकै भारी र ठूलो परिमाणमा सरसामानहरू लोड गरिएको हुन्छ। कतिपय मोटर साइकलमा सामानको मात्रा यति धेरै हुन्छ कि चालक उभिएर कुदाइराखेका हुन्छन्।

एका विहानै मोटरसाइकलको ओहोरदोहोरले अशान्त हुने गरेको वातावरण विहानीको किरणले उज्यालो छर्नु अगावै शान्त हुन्छ। यसरी अँध्यारोको मौका छोपी सामान ओसार पोसार गर्नेहरू अरु कोही नभई तस्करहरू हुन्। दसैं, तिहार र चाडवाडका बेला अहिले जनकपुरसहित सीमावर्ती नेपाली बजारमा तस्करहरूको गतिविधि निकै बढेको छ। तर, यो नियन्त्रणका लागि सीमा क्षेत्रमा खटिएका सशस्त्र र नेपाल प्रहरी भने 'कमिशन र एक्स्ट्रा आम्दानी'कै कारण चुपचाप बसेका छन्।

नुनदेखि सुनसम्म तस्करी हुने नेपाल-भारत सीमा क्षेत्रबाट अहिले चाडवाडको मौका छोपी विशेषगरी चिनी, प्याज, आलु, तेल, लागूऔषध, इलोक्ट्रोनिक्सका सामान र लत्ताकपडाहरूको तस्करी व्यापक मात्रामा भइरहेको छ। जनकपुर बजारमा मात्रै अधिकांश खुद्रे पसुलहरू तस्कर बाटै खरिद गरिएका सर सामानहरूको भरमा चलेका छन्। त्यसैगरी सीमावर्ती बजार मा पनि तस्करहरूकै बोलबाला छ। तर, प्रहरी भने बेला-बेलामा थोरबहुत सामान नियन्त्रणमा लिनुबाहेक तस्करी रोक्न खासै कुनै प्रयास नगरेको देखिन्छ।

तस्करीका सामानहरूको प्रयोग बढेपछि भन्सार तिरेर सर सामान ल्याउने र व्यापार गर्ने जनकपुरका व्यापारीहरूसमेत मारमा परेको उद्योग वाणिज्य संघ जनकपुरका अध्यक्ष जितेन्द्र महासेठ बताउँछन्। 'तस्करीका सामानहरूले गर्दा स्थानीय व्यापारमा निकै प्रभाव परेको छ। लाखौं राजश्व तिरेर हामी व्यापारीहरूले ल्याउने लत्ता कपडा उचित मूल्यमा बिक्री नहुने र त्यही तस्करीको सामान खरिद बिक्री हुने गरेको अवस्था छ,' महासेठ भन्छन्, 'हामी व्यापारीहरूले तस्करी नियन्त्रणका लागि हो-हल्ला गरेपछि र प्रशासनमाथि दबाब बनाएपछि केही दिनका लागि सुरक्षा व्यवस्था कडा पारिन्छ। यहाँ सरकारी संयन्त्र कसरी चलेको छ सबैलाई थाहै छ। केही दिन तस्करी रोक्ने नाटक गरिए पनि फेरि लाइन दिइन्छ र तस्कर हरू निर्वाधरूपमा काम गर्न थाल्छन्।'



धनुषामा रहेका केही नामूद तस्करहरू सँग प्रहरीको विशेष साँटघाँट रहेको आरोप लाग्दै आएको छ। तीन दिन अगाडिमात्रै तस्करीलगायत कार्य क्षेत्रमा देखिएको विभिन्न त्रृटिका कारण धनुषाका तीन प्रमुख नाकाका सशस्त्र प्रहरी प्रमुखहरूलाई अनुसन्धानका लागि भन्दै विभागमा तानिएको हो। तराई-मधेसमा बढ्दो तस्करी सम्बन्धी विषयमा छानबिन गर्नका लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट प्रहरी उपरीक्षक भानुभक्त लम्सालको कमाण्डमा खटिएको टोलीले जिल्लाको महिनाथपुर प्रस्तावित गुल्मका डीएसपी प्रेमसागर विष्ट, विओपी धनौजीका प्रमुख रविन्द्र भट्ट र विओपी डेवडिहाका प्रमुख प्रेम विष्टलाई अनुसन्धानका लागि भन्दै विभागमा तानेको धनुषाका सशस्त्र प्रहरी बल उपरीक्षक दिनेश मल्लले पुष्टि गरेका छन्।

मल्ल भन्छन्, 'तस्करी नियन्त्रणका लागि हामीले दिनरात प्रयास गरेकै छौं। तर, यहाँ यति धेरै चोर बाटोहरू छन् कि सबैलाई निगरानी गर्न हामीसँग पर्याप्त जनशक्ति पनि छैन। तैपनि सशस्त्र प्रहरीले सक्दो प्रयास गरेको छ।'

प्रहरीभित्रै तस्करका सुराकीहरू भएको कारणले पनि तस्करी नियन्त्रण गर्न चुनौती थपिएको एक प्रहरी नाम नखुलाउने सर्तमा बताए। 'अहिले सशस्त्र प्रहरीलाई सिभिल ड्रेसमा अनुगमन गर्न रोक लगाइएको छ। बर्दीमा छापा हान्न वा निगरानी गर्न जाँदा प्रहरी निस्कनु अगावै तस्करलाई खबर पुग्छ यहाँ आफैंभित्रका केही व्यक्तिहरूको गलत मनसायले पनि निकै समस्या भएको छ।'

-अन्नपूर्णापोष्ट


## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिका दसै, दिपावली, तिहार र छठ पर्वको अवसरमा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९


## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

**वृष**- मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग

**मिथुन**- आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कर्कट** - दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**सिंह** - साताको सुरुमा शत्रुले दुःख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सरकारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**कन्या** - सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ ।

**तुला** -परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**वृश्चिक** -स्वास्थ्य प्रतिकूल र हने, यात्रामा बाधा आउनेछ । र ोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछरु।

**धनु** - मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**मकर** -सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**कुम्भ** -चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मीन** -काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धातुका नयाँ सामान किनेर मिथिलामा 'धनतेरस' मनाइँदै

**खबर दर्पण समाचारदाता**

**कार्तिक २४ गते, महेन्द्रनगर**

दीपावली (तिहार) पर्व शुक्रवार देखि सुरु हुँदैछ। कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म मनाइने दीपावलीको पहिलो दिन मिथिलामा 'धनतेरस' मनाइँदै छ ।

कात्तिक कृष्ण त्रयोदशीको रात पर्ने दिनलाई मिथिलामा 'धनतेरस' भनिन्छ। यस दिन नयाँ धातुका सामान किनेर पूजाआराधना गर्दै दीपावली पर्व प्रारम्भ गर्ने मैथिल परम्परा छ। आज धातुका नयाँ सामान किन्न शुभ हुने मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता क्षीरेश्वरनाथ नगरपालिका-६ नयाँ टोल का इन्द्रकान्त झा बताउँछन् ।



घरघरमा आजै साँझदेखि उज्याला बत्ती बालेर नयाँ किनिएका धातुका सामान र धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिन्छ । मिथिलामा मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चाङ्गका आधारमा तिथि, बार, नक्षत्र एवं चाडपर्वको छिनोफानो गरिन्छ । दुवै पञ्चाङ्गमा आज नै धनतेरस उल्लेख रहेको झाले बताए । कात्तिक कृष्ण त्रयोदशीकै दिन मनाइने धन्वन्तरी जयन्ती पनि आजै परेको छ ।

दीपावली मुख्यतः धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना गरिने पर्व भएको हुँदा पहिलो दिन नै नयाँ वस्तु जोडेर लक्ष्मी खुसी पार्न यो पर्वको परम्परा चलेको मिथिला संस्कृतिका ज्ञाता बताउँछन् । मिथिला क्षेत्रमा 'दिवाली'को पहिलो दिन नै बजार बाट किनेर ल्याइएको धातुका गहना वा भाँडालाई लक्ष्मीको प्रतिमा स्थापित गरिएका ठाउँमा पूजा गरेर यो पर्व विधिवत् सुरु गरिने परम्परा छ ।

सन्ध्याकालमा दीप प्रज्ज्वलनसँगै धनतेरसको पूजा गरेर 'दिवाली' पर्व सुरु गरिन्छ। पर्व विशेषका कारण आज तामा, पित्तल र काँशका भाँडा पसल तथा सुनचाँदीका गहना बनाउने पसलमा ग्राहकको भीडभाड रहन्छ । मिथिलामा आज किनिएको सामान शुभफल दिने, टिकाउ र नाफा दिने हुने जनविश्वास छ ।

पण्डित सन्तोष पाण्डेका अनुसार पर्वको पहिलो दिन आफ्नो गच्छेअनुसार सबैले केही न केही किन्ने परम्परा रहेको छ। तिहार सुरु भएपछि मिथिला क्षेत्रमा यो पर्व भाइटिकाका दिन सम्पन्न नहुन्जेल कृषि, व्यापार, मजदुरी र अन्य लेनदेन क्षेत्रमा उधारो कारोबार पूरै बन्द गरिने परम्परा पनि रहेको पण्डित पाण्डे बताउँछन्।

पर्व विशेषमा धातुका समान जोड्ने परम्परा भए पनि नयाँ पुस्ताका मैथिल युवायुवती भने कम्प्युटर, मोबाइल सेट र आधुनिक समान समेत जोड्न थालेका छन्। परम्परागत धातुका भाँडा वा गरगहना दैनिक जीवनमा त्यति प्रयोगमा नरहेकाले अब विज्ञान र नयाँनयाँ प्रविधिले बनेका सामग्री किन्ने गर्छन्।

# अनुसन्धानको नाममा ......

ज्ञानेन्द्र,आमा सावित्री देवी र संस्थाका सत्यनारायण सिंह,लक्ष्मणबाबु कार्कीको नाममा जाहेरी दिइ पुनः सोही ठगी मुद्दा चलाएको हो ।

ज्ञानेन्द्रको परिवार तथा आफन्तललाई जिल्ला प्रहरी कार्यालय धनुषाबाट घटना मिडियामा आए फेरि मुद्दा दर्ता गरेर थुन्नेसम्मको धम्की दिएको घटनाको अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले बताए । उनले भने, 'हामीले घटना नयाँ होला भनेर नै अनुसन्धान सुरु गर्‍यौं तर घटना पुरानो रहेछ । यही मुद्दामा जिल्ला अदालत र उच्च अदालतले फैसला आदेश समेत गरिसकेको प्रमाणहरु भेटिएको छ । आदेशमा प्रतिवादीहरुलाई दोषी ठहर गरी ज्ञानेन्द्र कुमार सिंह र सावित्री सिंहलाई निर्दोष सावित गरेको प्रमाणहरुले देखाए पनि प्रहरी प्रमुख विश्वराज खडकाको चासोका कारण अदालतको आदेशलाई वेवास्ता गरेको छ ।' नाम नछाप्ने शर्तमाल ती प्रहरी अधिकृतले भने,' एसपी सापको यो मुद्दामा विशेष चासो थियो । अन्य मुद्दामा त्यति धेरै चासो नभएपनि यो मुद्दामा विशेष चासो लिएर हेरिरहनु भएको थियो । कारण हामीलाई पनि थाहा भएन तर उहाँको अस्वभाविक चासोले ज्ञानेन्द्रमाथि मुद्दा चलाउनुमा दह्रो रकमको चलखेल भएको हुनसक्ने कुरालाई नकार्न सकिन्न् । '

प्रहरी प्रमुखको हरेक मुद्दामा चासो हुनु स्वभाविक भएपनि अस्वभाविक चासो हुनु तथा अदालतले निर्दोष ठहर गरेको आदेश हुँदाहुँदै पनि अनुसन्धानको नाममा २४ दिन राखिनु शंकास्पद विषय रहेको उनले बताए।

सोही घटनामा संलग्न एक अर्का अनुसन्धान अधिकृतले भने,'प्रतिवादी भनिएका ज्ञानेन्द्रको पक्षबाट छाड्न दबाव आएपनि रकमको चलखेलमा अनुसन्धान लम्ब्याउन प्रहरी प्रमुख नै लागेका थिए। हामीले त माथिको आदेश मान्नै पर्छ । राजनीतिक दबाबले ज्ञानेन्द्रलाई छोड्न भनेपनि ज्ञानेन्द्रलाई अनुसन्धानको नाममा भित्र राख्न मोटो रकमको चलखेल भइरहेको थियो, 'प्रहरी श्रोत भन्छ, 'सबैलाई थाहा थियो ज्ञानेन्द्र निर्दोष हुन् तर पनि उनलाई छोडन् राजनीतिक दबाब थियो । तर, प्रहरीले मुद्दा चलेपछि अनुसन्धान नगरी छोड्न पनि त मिलेन भन्दै थुनामै राख्न दबाब दिइयो ।'


चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

भंगहा नगरपालिका, महोत्तरी



सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी रूपमा काम कारवाहीको सम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

मिथिला नगरपालिका, धनुषा



चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

विदेह नगरपालिका, धनुषा




# अनुसन्धानको नाममा २४ दिन थुनामा राखेर यातना

**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, महेन्द्रनगर**



अदालतबाट सफाइ मुद्दामा जिल्ला प्रहरी कार्यालय,धनुषा जनकपुरधामले अनुसन्धानको नाममा २४ दिन थुनामा राखेर यातना दिएको रहस्य सार्वजनिक भएको छ । जिल्ला अदालत धनुषा र उच्च अदालत जनकपुर धामबाट निर्दोष ठहर गरेका महोत्तरीका एक चिकित्सकलाई अनुसन्धानको नाममा २४ दिन थुनामा राखेर मानसिक यातना दिएको पाइएको हो ।

महोत्तरीका गौशाला नगर पालिका-साविक निगौल गाविस -५ का २८ वर्षीय ज्ञानेन्द्र कुमार सिंहलाई अदालतबाट सफाइ पाइसकेको मुद्दामा अर्को मुद्दा दायर गरी बलजफती २४ दिन राखेको घटना बाहिर आएको हो । पीडित सिंह पेशाले चिकित्सक हुन् ।

जनकपुरधाम उप-महानगर पालिका ७ मनमोहन मिश्रको श्रीमती रञ्जना मिश्र र गोदावरी मिश्रको समेतको जाहेरीको आधारमा नेपाल पब्लिक डेभलोपमेन्ट प्लान्टेशन प्रालिका संस्थापक निर्देशक रामबाबु सिंह उनको श्रीमती सावित्री देवी, छोरा ज्ञानेन्द्र सिंहमाथि लागेको ठगी मुद्दामा अदालतले सावित्री र ज्ञानेन्द्रलाई सफाइ दिएपनि प्रहरीले ज्ञानेन्द्रलाई अनुसन्धानको नाममा थुनामा राखेको पाइएको हो ।

अदालतको आदेशमा संस्थापक निर्देशक रामबाबु ,संस्थाका अध्यक्ष सत्यनारायण सिंह,प्रबन्ध निर्देशक लक्ष्मण बाबु कार्की र नरेश महतो कोईरीलाई दोषी ठहर गरेको पाइएको छ। तर ,सोही मुद्दामा रामबाबुकी पत्नी सावित्री देवी र छोरा ज्ञानेन्द्रलाई सफाइ दिएपनि प्रहरीले फेरि पक्राउ गरी मुद्दा चलाएको पाइएको हो ।

धनुषा जिल्ला अलदालतबाट मिति २०७५ अषाढ ४ गते न्यायाधीश वासुदेव पौडेल र उच्च अदालत जनकपुरबाट २०७६ चैत ४ गते न्यायाधीश हरिकुमार पोखरेल र ध्रुवराज नन्दको संयुक्त फैसला आदेशबाट सावित्री देवी र ज्ञानेन्द्रलाई निर्दोष ठहर गरेपनि सोही मुद्दामा पक्राउ गरेर प्रहरीले जबरजस्ती थुनामा राखेका थियो। एउटै मुद्दामा जिल्ला अदालत धनुषा र उच्च अदालतले सफाइ दिएको व्यक्तिलाई पुनः सोही मुद्दामा पक्राउ गरी अनुसन्धानको नाममा प्रहरीले बलजफती गरेको स्पष्ट छ ।

सोही मुद्दामा दोषी ठहर भएका ज्ञानेन्द्रका बुवा रामबाबुको जिल्ला कारागार जलेश्वरमा कोरोना (कोभिड-१९)को महामारीमा मृत्यु भएको थियो। बुवा रामबाबुको मत्युपछि सोही प्रतिवादी जनकपुरधाम उप-महानगरपालिका- ७ मनमोहन मिश्रको श्रीमती रञ्जना मिश्र र गोदावरी मिश्रको समेतको जाहेरीले जिल्ला प्रहरी कार्यालय धनुषाले पुनः ठगी मुद्दा चलाएको थियो। यसअघिको मुद्दामा ज्ञानेन्द्रका बुवा रामबाबुको नाम रहेकोमा २०७९ फाल्गुन ३० गते जारी पक्राउ पुर्जीमा रामबाबुको नाम हटाइ छोरा

*बाँकी पृष्ठ ३ मा*

# नक्कली मलखाद्य बनाउने दुईजना पक्राउ



**खबर दर्पण समाचारदाता**
**कार्तिक २४ गते, बर्दिवास**

नक्कली मलखाद बनाउने दुईजनालाई सर्लाही प्रहरीले सामानसहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाहीको कौडेना गाउँपालिका-५ छपकैया टोल बस्ने २८ वर्षीय सुनिल कुमार यादव र मलंगवा नगरपालिका-५ बस्ने १९ वर्षीय विशाल यादव रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

बिहीबार दिउँसो सुनिलको घर मा नक्कली मलखाद बनाइर हेको विशेष सूचनाको आधार मा प्रहरी निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले उनीहरुलाई सामानसहित नियन्त्रणमा लिएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपेन्द्र पंजियार थारुले जानकारी दिए ।

प्रहरीले उनको घर खानतलासी गर्दा भारतीय युरिया मल ५० केजीको १४ बोरा, युरियाको खाली बोरा ४० पिस, नेपाली पोटास मल ५० केजीको ४ बोरा, भारतीय चिनी ५० केजीको दुई बोरा, टाटा नुनको खोली बोरा १११ पिस, कृषक पोटास लेखिएको खाली बोरा ५० पिस, आधी बोरा पोटास र दुईवटा भारतीय नम्बरको मोटर साइकल बरामद गरेको हो।

यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएका छन् ।


## दिपावली, तिहार र छठपर्वको शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



दिपेश कुमार सिंह
अध्यक्ष
मिथिला नगर बाल संजाल
मिथिला नगरपालिका
धनुषा (परिवार)

## दिपावली, तिहार र छठपर्वको शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसर मा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



रामकेवल मुखिया
अध्यक्ष
क्षीरेश्वर स्पोर्टस क्लव
क्षीरेश्वरनाथ नगरपालिका,
महेन्द्रनगर, धनुषा (परिवार)

## दिपावली, तिहार र छठपर्वको शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



अरुण कुमार महतो
प्रधानाध्यापक
राष्ट्रिय आधारभूत विद्यालय
नक्टाझिज, सखजोर
मिथिला नगरपालिका-२
धनुषा (परिवार)

## दिपावली, तिहार र छठपर्वको शुभकामना

शुभ दिपावली, तिहार र छठ पर्वको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



बेचन दास
मेयर
विदेह नगरपालिका
धनुषा परिवार

सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं । भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं ।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा